# जिल्ला समन्वय समितिको कार्यालय

तम्घास, गुल्मी

## धरौटी सदर स्याहासम्बन्धी सूचना

(सूचना प्रकाशन मिति :- २०८३/०२/२०)

साविक जिल्ला विकास समितिको कार्यालय, गुल्मीबाट यस कार्यालयको नाममा अ.ल्या. भई आएको तथा आ.व. २०८१/८२ सम्म विभिन्न फर्म, कम्पनी, निर्माण व्यवसायी तथा व्यक्तिहरूको नाममा बाँकी रहेको धरौटी रकम फिर्ता पाउनु पर्ने कुनै आधार/प्रमाण भएमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक प्रमाणसहित कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र धरौटी फिर्ता माग नभएमा वा प्रमाण पेश नभएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ र ६८ बमोजिम सदर स्याहा गरी नेपाल सरकारको राजस्व खातामा आम्दानी बाँधिने व्यहोरा समेत सबैलाई सूचित गरिन्छ। धरौटीको नामनामेसी सहित विस्तृत विवरण कार्यालयको वेबसाइट dccgulmi.gov.np मा राखिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।